**सुदूरपश्चिम विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**सत्रप्रणालीमा आधारित नेपाली शिक्षा स्नातक कार्यक्रम**

**पाठ्यांश शीर्षक** : नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तक

**विषय सङ्केत नं. :** Nep.Ed. 367 | **विषयको प्रकृति :** सैद्धान्तिक

**तह :** स्नातक | **जम्मा पाठ्यघण्टा :** ३

**सत्र :** छैटौँ | **शिक्षण घन्टी** : ४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्रप्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । पाँच एकाइमा विभाजित यस पाठ्यांशको अध्ययनपश्चात् शिक्षार्थीहरू भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक तथा पूरक सामग्रीको सामान्य अवधारणासँग परिचित भई विद्यालय तहका नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पूरक सामग्रीहरूका विविध पक्षको अध्ययन विश्लेषण गर्न सक्षम हुने अपेक्षा राखिएको छ ।

## २. साधारण उद्देश्य

क) भाषा पाठ्यक्रमको अवधारणा, संरचना, प्रकार र निर्माणका चरणगत प्रक्रियाका बारेमा सुझबुझ प्रदान गर्ने,

ख) विभिन्न तहका विद्यालय स्तरीय नेपाली भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकासक्रम प्रस्तुत गर्न सक्षम बनाउने,

ग) भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध बताउन सक्षम बनाउने,

घ) भाषा पाठ्यपुस्तक तथा पूरक सामग्रीको अवधारणा, प्रकार र निर्माण प्रक्रियाबारे जानकारी प्रदान गर्ने,

ङ) भाषा पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताहरूको जानकारी प्रदान गर्ने,

च) विद्यालय स्तरका खास तह र कक्षाका नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययन विश्लेषण क्षमता वृद्धि गर्ने ।

## ३. विशिष्ट उद्देश्य र पाठ्य विषयवस्तुको विवरण

| विशिष्ट उद्देश्य | पाठ्यवस्तु विवरण |
|---|---|
| क) भाषा पाठ्यक्रमको सैद्धान्तिक परिचय दिई त्यसको स्वरूप बताउन,<br>ख) पाठ्यक्रम, पाठ्यसूची र पाठ्यांशको भिन्नता स्पष्ट पार्न<br>ग) पद्धतिनिष्ठता, प्रबन्धनिष्ठता र प्रयोजनको | **एकाइ एक : भाषा पाठ्यक्रमको अवधारणा, (पा.घ.१०)**<br>१.१ भाषा पाठ्यक्रमको परिचय<br>१.२ भाषा पाठ्यक्रमको संरचनात्मक स्वरूप : अग्रभाग, मुख्य भाग (उद्देश्य, विषयवस्तुको तथा विधाको क्षेत्र र क्रम, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया) र पश्च भाग<br>१.३ पाठ्यक्रम, पाठ्यसूची र पाठ्यांश |

| | |
|---|---|
| आधारमा भाषा पाठ्यक्रमको वर्गीकरण गरी तिनका विशेषता उल्लेख गर्न,<br>घ) भाषा पाठ्यक्रम निर्माणका चरणगत प्रक्रियाहरूको वर्णन गर्न । | १.४ भाषा पाठ्यक्रमका प्रकार<br>क) पद्धतिनिष्ठताको आधार : संरचनात्मक र सम्प्रेषणात्मक पाठ्यक्रम<br>ख) प्रबन्धनिष्ठताको आधार : रेखीय र चक्रीय पाठ्यक्रम<br>ग) प्रयोजनको आधार : सामान्य र विशिष्ट पाठ्यक्रम<br>१.५ भाषा पाठ्यक्रम निर्माणका चरणगत प्रक्रिया<br>(क) आवश्यकता विश्लेषण<br>(ख) लक्ष्य र उद्देश्य निर्धारण<br>(ग) पाठ्यवस्तुको निर्धारण र प्रस्तुति<br>(घ) शिक्षण प्रक्रिया<br>(ङ) मूल्याङ्कन प्रक्रिया<br>(च) पाठ्यक्रम परिमार्जन प्रक्रिया |
| क) विद्यालय तहको नेपाली भाषा पाठ्यक्रमका उल्लेख्य मोडसहितको विकासक्रम प्रस्तुत गर्न,<br>ख) विद्यालय स्तरका निर्धारित कक्षा तथा तहका नेपाली भाषा पाठ्यक्रमका विशेषताहरू बताउन,<br>घ) उपयुक्तता र पर्याप्तताका दृष्टिले विद्यालय तहका वर्तमान पाठ्यक्रमको अध्ययन विश्लेषण गर्न,<br>ङ) विद्यालयका खास तह वा कक्षाका लागि नेपाली भाषा पाठ्यक्रमको ढाँचा तयार गर्न । | **एकाइ दुई : नेपाली भाषा पाठ्यक्रमको विकासक्रम र अध्ययन विश्लेषण (पाघं.१०)**<br>२.१ विद्यालय तहको नेपाली भाषा पाठ्यक्रमको विकासक्रम (उल्लेख्य मोडसहित)<br>२.२ विद्यालय तह वर्तमान नेपाली पाठ्यक्रमको अध्ययन<br>(क) कक्षा १-३ को एकीकृत पाठ्यक्रम<br>(ख) कक्षा ४-८ को आधारभूत शिक्षा पाठ्यक्रम<br>(ग) कक्षा ९-१० को माध्यमिक शिक्षा पाठ्यक्रम<br>२.३ उक्त पाठ्यक्रमको उपयुक्तता र पर्याप्तता<br>२.४ खास तह वा कक्षाका लागि नेपाली भाषा पाठ्यक्रम निर्माणको अभ्यास |
| क) भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध दर्साउन,<br>ख) भाषा पाठ्यपुस्तकको परिचय दिई त्यसका विशेषता बताउन,<br>ग) पूरक सामग्रीको परिचय दिई त्यसको आवश्यकता तथा विशेषता उल्लेख गर्न,<br>घ) पूरक सामग्रीका प्रकार बताउन, | **एकाइ तीन : भाषा पाठ्यपुस्तक तथा पूरक सामग्री (पाघं. १०)**<br>३.१ भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध<br>३.२ भाषा पाठ्यपुस्तकको परिचय र विशेषता<br>३.३ पूरक सामग्रीको परिचय, आवश्यकता र विशेषता<br>३.४ पूरक सामग्रीका प्रकार<br>क) सन्दर्भ/सहायक पुस्तक<br>ख) अभ्यास पुस्तिका<br>ग) शिक्षक निर्देशिका<br>३.५ पूरक पाठ्यसामग्रीको उपयोगिता |

| | |
|---|---|
| ङ) पूरक सामग्रीको उपयोगिता बताउन,<br>च) भाषा पाठ्यपुस्तक निर्माणका आधारहरूको वर्णन गर्न । | ३.६ भाषा पाठ्यपुस्तक निर्माणका आधारहरू<br>क) पाठ्यक्रम अनुरूपता<br>ख) विषयवस्तुको बोधगम्यता<br>ग) शब्दभण्डार, वाक्य र सङ्कथन छनोट, स्तरण र नियन्त्रण<br>घ) शिक्षार्थी आवश्यकता र रुचिपूर्णता |
| क) भाषा पाठ्यपुस्तकको स्वरूप पहिचान गरी भन्न,<br>ख) भाषा पाठ्यपुस्तकका आन्तरिक विशेषताहरूको वर्णन गर्न<br>ग) भाषा पाठ्यपुस्तकका बाह्य विशेषताहरूको चर्चा गर्न<br>घ) भाषा पाठ्यपुस्तक र अन्य विषयका पाठ्यपुस्तकको अन्तर पहिचान गर्न । | **एकाइ चार : भाषा पाठ्यपुस्तकका विशेषताहरू (पाघं.६)**<br>४.१ भाषा पाठ्यपुस्तकको स्वरूप<br>४.२ भाषा पाठ्यपुस्तकका आन्तरिक/प्राज्ञिक विशेषता : पाठ्यक्रम अनुरूपता, विधा र विषयवस्तु, पाठ प्रस्तुति, भाषाशैली, चित्र प्रयोग, नमुना अभ्यास, शब्दभण्डार<br>४.३ भाषा पाठ्यपुस्तकका बाह्य/भौतिक विशेषताहरू : बनोट (बाह्य स्वरूप), आवरण पृष्ठ/मुख पृष्ठ, अक्षराकार र ठाँउ छोडाइ, छपाइ र बँधाइ, कागजको स्तर, मूल्य र सुलभता<br>४.४ भाषा पाठ्यपुस्तक र अन्य विषयका पाठ्यपुस्तक |
| क) विभिन्न चरणमा देखा परेका विशेषताहरूसहित विद्यालयस्तरीय नेपाली भाषा पाठ्यपुस्तकहरूको विकासक्रम देखाउन,<br>ख) विद्यालय तहका नेपाली भाषा पाठ्यपुस्तकहरूका विशेषता बताउन,<br>ग) विद्यालय स्तरका खास कक्षाका वर्तमान नेपाली पाठ्यपुस्तकहरूको आन्तरिक र बाह्य विशेषताका आधारमा विश्लेषण गर्न,<br>घ) विद्यालयका खास कक्षाका लागि नेपाली पाठ्यपुस्तकको ढाँचा तयार गर्न । | **एकाइ पाँच : नेपाली भाषा पाठ्यपुस्तकको विकासक्रम तथा वर्तमान नेपाली पाठ्यपुस्तकको अध्ययन (पाघं. १२)**<br>५.१ विद्यालयस्तरीय नेपाली भाषा पाठ्यपुस्तकहरूको विकासक्रम (विभिन्न चरणहरूसहित)<br>५.२ विद्यालय तहका वर्तमान नेपाली पाठ्यपुस्तकको आन्तरिक र बाह्य आधारमा विश्लेषणात्मक अध्ययन<br>(क) कक्षा १-३ का नेपाली पाठ्यपुस्तक<br>(ख) कक्षा ४-८ का नेपाली पाठ्यपुस्तक<br>(ग) कक्षा ९-१० का नेपाली पाठ्यपुस्तक<br>५.३ खास कक्षाका लागि नेपाली भाषा पाठ्यपुस्तकको निर्माणको अभ्यास |

## ४. शिक्षण प्रक्रिया

प्रत्येक एकाइको शिक्षणमा आवश्यकताअनुसार साधारण र विशिष्ट शिक्षण प्रविधिको उपयोग गरिनेछ । यस पाठ्यांशको शिक्षण गर्न शिक्षकले प्रयोग गर्ने तौरतरिकालाई साधारण शिक्षण प्रक्रिया एवं विद्यार्थी कार्यकलापमा आधारित शिक्षण प्रक्रियालाई विशिष्ट शिक्षण प्रक्रियाअन्तर्गत राखिएको छ ।

### ४.१ साधारण शिक्षण प्रक्रिया

हरेक एकाइको प्रकृतिअनुरूप व्याख्या, छलफल, प्रश्नोत्तर, कक्षा प्रस्तुति आदिको उपयोग गरिनेछ। शिक्षणका क्रममा पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, सहायक पुस्तक, विषयवस्तु टिपोटपत्र, स्लाइड, चित्र, तालिका र आरेखहरूको उपयोग गरिनेछ।

### ४.२ विशिष्ट शिक्षण प्रक्रिया

| एकाइ | कार्यकलाप |
|---|---|
| १ | • समूह विभाजन गरी पाठ्यक्रम, पाठ्यसूची र पाठ्यांशबारे टिपोट र प्रस्तुति गर्न लगाउने<br>• समूह विभाजन गरी पाठ्यक्रमका प्रकार तोकी तिनको परिचय र विशेषता प्रस्तुत गर्न लगाउने |
| २ | • विभिन्न समयका नेपाली भाषा पाठ्यक्रम दिएर व्यक्तिगत रूपमा तिनको समीक्षण गरी कक्षा प्रस्तुति गर्न लगाउने<br>• समूह कार्यका रूपमा नेपाली भाषा पाठ्यक्रमका विकासमा आएका परिवर्तनबारे कक्षामा छलफल गराई निष्कर्ष प्रस्तुत गर्न लगाउने |
| ३ | • समूह विभाजन गरी पाठ्यपुस्तक र पूरक सामग्रीको परिचय, प्रकार र विशेषताका बारेमा सामग्री तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>• विद्यार्थीलाई पूरक सामग्रीको सूची तयार गरी तिनका सङ्क्षिप्त विशेषता लेखी प्रस्तुतीकरण गर्न लगाउने, |
| ४ | • समूह कार्यका रूपमा भाषा पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताहरूको टिपोट गरी कक्षामा प्रस्तुति गराउने<br>• भाषा पाठ्यपुस्तक र अन्य पाठ्यपुस्तकका भिन्नता उल्लेख गरी कक्षामा छलफल गराउने |
| ५ | • समूह कार्यका रूपमा विभिन्न समय र कक्षाका नेपाली भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषण गरी प्रतिवेदनका ढाँचामा सामग्री तयार गरी कक्षामा प्रस्तुत गराउने<br>• शिक्षकले विषयसूची तयार पारी सामूहिक रूपमा कुनै कक्षाको नमुना पाठ्यपुस्तकको खाका तयार पार्न लगाउने। |

## ५. आन्तरिक मूल्याङ्कन ४०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

क) **कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता :** ५+५ = १० अङ्क

ख) **मूल्याङ्कन (असाइनमेन्ट) १** : प्रतिबिम्बात्मक टिप्पणीहरू र कक्षा प्रस्तुतीकरण : ५+५=१० अङ्क

(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण)

ग) **मूल्याङ्कन (असाइनमेन्ट) २** : अध्ययनपत्र, परियोजना र अन्तर्वार्ता : ५+५ = १० अङ्क

(विद्यार्थीहरूले छानेका तथा शिक्षक एव. अन्तर्वार्ताद्वारा अनुमोदित गरिएका विषयहरूमा अध्ययनपत्र वा परियोजना) परियोजना कार्य गर्न लगाइनेछ।
उक्त कार्यका लागि निर्दिष्ट सिपसम्बन्धी अध्ययनपत्र निर्माण गरी प्रस्तुत लगाइनेछ।

**घ) मध्यान्तर परीक्षा** १० अङ्क

## ६. बाह्य मूल्याङ्कन ६०%

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| प्रश्नका प्रकारहरू | सोधिने जम्मा प्रश्नहरू | जवाफ दिनुपर्ने प्रश्नहरूको सङ्ख्या र अङ्कभार | कुल पूर्णाङ्क |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक** | १० ओटा प्रश्न | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक** | दुइटा अथवासहित ६ ओटा प्रश्न | **६×५** | **३०** |
| **समूह 'ग' लामो उत्तरात्मक** | एउटा अथवासहित दुइटा प्रश्न | **२×१०** | **२०** |

## ७. पाठ्यपुस्तक र सन्दर्भपुस्तक


अधिकारी, हेमाङ्गराज (२०६३), *नेपाली भाषा शिक्षण, केही परिप्रेक्ष्य तथा पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०५६), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* एम.के. पब्लिसर्स एन्ड डिस्टिब्युटर्स (एकाइ एकदेखि एकाइ पाँचका लागि) ।

नेपाल राष्ट्रिय शिक्षा आयोग (१९५५), *नेपालमा शिक्षा,* कलेज अफ एजुकेसन (एकाइ एकका लागि) ।

पाण्डेय, रामशकल (सन् २००९), *हिन्दी शिक्षण* (बिसौं संस्करण), विनोद पुस्तक मन्दिर ।

नेपाल सरकार (विभिन्न समयका), *प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक नेपाली पाठ्यक्रम,* www.moecdc.gov.np (एकाइ दुईका लागि) ।

नेपाल सरकार (विभिन्न समयका), *प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक तहका विभिन्न कक्षाका नेपाली* www.moecdc.gov.np (एकाइ पाँचका लागि) ।

पौडेल, माधवप्रसाद (२०६७), *भाषा पाठ्यक्रम, पाठ्य सामग्री तथा शिक्षण पद्धति,* विद्यार्थी पुस्तक भण्डार (एकाइ एकदेखि एकाइ पाँचका लागि) ।

नेपाल सरकार (२०७६), *विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६,* पाठ्यक्रम विकास केन्द्र ।

मङ्गल, उमा (सन्.२००३), *हिन्दी शिक्षण,* आर्य बुक डिपो ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार (एकाइ एकदेखि एकाइ पाँचका लागि)।

स्टर्न, एच.एच. (इ.१९८३), *फन्डामेन्टल कन्सेप्ट अफ ल्याङ्ग्वेज टिचिङ,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

हार्मर जे. (इ.२००८), *द प्राक्टिस अफ ल्याङ्ग्वेज टिचिङ,* लङम्यान ।

# सुदूरपश्चिम विश्वविद्यालय
## शिक्षाशास्त्र सङ्काय
### सत्रप्रणालीमा आधारित नेपाली शिक्षा स्नातक कार्यक्रम

**पाठ्यांश शीर्षक** : व्यावहारिक लेखन

**विषय सङ्केत नं. :** Nep.Ed. 368 **विषयको प्रकृति** : सैद्धान्तिक

**तह** : स्नातक **जम्मा पाठ्यघण्टा** : ३

**सत्र** : छैटौँ **शिक्षण घन्टी** : ४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्रप्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यसमा अभिव्यक्ति र यसका प्रकार, व्यावहारिक लेखन, प्रशासनिक लेखन, कानुनी लेखन, बैंक तथा वित्तीय कारोबारसम्बन्धी लेखनसँग सम्बद्ध पाठ्यसामग्री राखिएका छन् । यी सामग्रीबाट विद्यार्थीहरूमा व्यावहारिक लेखनका विविध पक्षमा प्रयोगात्मक भाषिक सिपको विकास हुने अपेक्षा गरिएको छ ।

## २. साधारण उद्देश्य

यस पाठयांशका साधारण उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) अभिव्यक्तिको परिचयसहित यसका प्रकार एवम् विविध प्रकृतिका लेखन सिपको विकास गर्ने,

ख) व्यावहारिक लेखनको स्वरूप तथा विभिन्न प्रकृतिका लेखनकलाको समग्र अभिवृद्धिमा सक्षम बनाउने,

ग) प्रशासनिक तथा वित्तीय कारोबारसम्बन्धी विभिन्न प्रकृतिका लेखन ढाँचा तयार गर्न सक्षम बनाउने,

घ) कानुनी लेखनको ढाँचा तयार गर्न सक्षम तुल्याउने ।

## ३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय

| विशिष्ट उद्देश्य | पाठ्वस्तु विवरण |
|---|---|
| क) अभिव्यक्तिको परिचय दिन,<br>ख) मौखिक अभिव्यक्ति र लिखित अभिव्यक्तिका विशेषता भन्न,<br>ग) लिखित अभिव्यक्तिका प्रकारहरू उल्लेख गरी तिनको सङ्क्षिप्त परिचय दिन । | **एकाइ एक : अभिव्यक्ति (पाघं ९)**<br>१.१ अभिव्यक्तिको परिचय<br>१.२ मौखिक अभिव्यक्ति र लिखित अभिव्यक्तिका विशेषता<br>१.३ लिखित अभिव्यक्तिका प्रकार<br>१.३.१ सामान्य लेखन<br>१.३.२ व्यावहारिक लेखन<br>१.३.३ व्यावसायिक लेखन<br>१.३.४ प्रयोजनपरक लेखन<br>१.३.५ प्राज्ञिक/बौद्धिक लेखन<br>१.३.६ सिर्जनात्मक लेखन<br>१.३.७ साहित्यिक र साहित्येतर लेखन<br>१.३.८ सम्पादनात्मक लेखन |
| | **एकाइ दुई : व्यावहारिक लेखन (पाघ. ९)**<br>३.१ व्यावहारिक लेखनको परिचय |

| | |
|---|---|
| क) व्यावहारिक लेखनको परिचय दिन,<br>ख) निर्दिष्ट विषयमा आधारित विभिन्न व्यावहारिक लेखनका ढाँचा तयार गर्न । | ३.२ व्यावहारिक लेखनका ढाँचा<br>३.२.१ चिठी (कार्यालयीय)<br>३.२.२ निवेदन (नागरिकता, संस्था दर्ता, प्रमाणपत्र, आवेदन)<br>३.२.३ सूचना<br>३.२.४ विज्ञापन<br>३.२.५ रसिद<br>३.२.६ भर्पाइ<br>३.२.७ मन्जुरीनामा<br>३.२.८ निर्णय पुस्तिका लेखन<br>३.२.९ व्यक्तिगत विवरण |
| क) प्रशासनिक क्षेत्रका विभिन्न लिखतहरूको जानकारी दिन,<br>ग) प्रशासनिक क्षेत्रमा प्रयोग हुने पारिभाषिक तथा प्राविधिक शब्दावलीको पहिचान र प्रयोग गर्न<br>ख) प्रशासनिक क्षेत्रका लागि आवश्यक विभिन्न प्रकारका लिखतहरूको नमुना तयार गर्न । | **एकाइ तीन : प्रशासनिक लेखन (पाघ.९)**<br>३.१ प्रशासनिक लेखनको परिचय<br>३.२ प्रशासनिक क्षेत्रमा प्रयोग हुने पारिभाषिक तथा प्राविधिक शब्दावली<br>३.३ प्रशासनिक लेखनका प्रमुख ढाँचा<br>३.२.१ नियुक्तिपत्र<br>३.२.२ परिपत्र<br>३.२.३ विवाह दर्ता<br>३.२.४ जन्मदर्ता<br>३.२.५ मृत्युदर्ता<br>३.२.६ कार्यालय टिप्पणी<br>३.२.७ बसाइँसराइ<br>३.२.८ नाता प्रमाणित<br>३.२.९ दर्ता तथा चलानी |
| क) बैङ्क तथा वित्तीय कारोबारको परिचय दिन,<br>ख) बैङ्क तथा वित्तीय क्षेत्रमा प्रयोग हुने पारिभाषिक तथा प्राविधिक शब्दावलीको पहिचान र प्रयोग गर्न<br>ग) बैङ्क तथा वित्तीय संस्थासँग सम्बद्ध विभिन्न प्रकारका कागजात तयार गर्न । | **एकाइ चार : बैङ्क तथा वित्तीय कारोबारसम्बन्धी लेखन (पाघ.८)**<br>४.१ बैङ्क वित्तीय कारोबारसम्बन्धी लेखनको परिचय<br>४.२ बैङ्क तथा वित्तीय क्षेत्रमा प्रयोग हुने पारिभाषिक तथा प्राविधिक शब्दावली<br>४.२ बैङ्क वित्तीय कारोबारसम्बन्धी लेखनका ढाँचा<br>४.२.१ बैङ्क खाता फाराम, चेकबुक र भौचर<br>४.२.२ सेयर खरिद फाराम<br>४.२.३ धितोबन्धक तमसुक<br>४.२.४ धितो फुक्काको नमुना |
| क) कानुनी लेखनको परिचय दिन,<br>ख) कानुनी लेखनका प्रकारहरू बताउन,<br>ग) कानुनी क्षेत्रमा प्रयोग हुने पारिभाषिक तथा प्राविधिक शब्दावलीको पहिचान र प्रयोग गर्न<br>घ) कानुनी लेखनका ढाँचाहरू तयार पार्न । | **एकाइ पाँच : कानुनी लेखन (पाघ.१३)**<br>५.१ कानुनी लेखनको परिचय<br>५.२ कानुनी लेखनका प्रकार<br>५.३ कानुनी क्षेत्रमा प्रयोग हुने पारिभाषिक तथा प्राविधिक शब्दावली<br>५.४ कानुनी लेखनका ढाँचा<br>५.३.१ तमसुक<br>५.३.२ राजिनामा<br>५.३.३ दृष्टिबन्धक |

| | |
|---|---|
| | ५.३.४ अंशवन्डा<br>५.३.५ बकसपत्र<br>५.३.६ घरबहाल<br>५.३.७ बैनाबट्टा<br>५.३.८ करारनामा<br>५.३.९ जाहेरी दरखास्त<br>५.३.१० मुचुल्का<br>५.३.११ मिलापत्र<br>५.३.१२ छोडपत्र<br>५.३.१३ बकपत्र |

## ४. शिक्षण प्रक्रिया

प्रत्येक एकाइको शिक्षणमा आवश्यकता अनुसार साधारण र विशिष्ट शिक्षण प्रविधिको उपयोग गरिने छ। यस पाठ्यांशको शिक्षण गर्न शिक्षकले प्रयोग गर्ने तौरतरिकालाई साधारण शिक्षण प्रक्रिया, अनि विद्यार्थी कार्यकलापमा आधारित शिक्षण प्रक्रियालाई विशिष्ट शिक्षण प्रक्रिया अन्तर्गत राखिएको छ।

### ४.१ साधारण शिक्षण प्रक्रिया

हरेक एकाइको प्रकृति अनुरूप व्याख्या, छलफल, प्रश्नोत्तर, कक्षा प्रस्तुति आदिको उपयोग गरिने छ। शिक्षणका क्रममा पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, सहायक पुस्तक, विषयवस्तु टिपोटपत्र, स्लाइड, चित्र, तालिका र आरेखहरूको उपयोग गरिने छ।

### ४.२ विशिष्ट शिक्षण प्रक्रिया

| एकाइ | कार्यकलाप |
|---|---|
| १ | • समूह विभाजन गरी मौखिक र लिखित अभिव्यक्तिको परिचय र विशेषताहरू टिपोट गरी कक्षामा प्रस्तुति गर्न लगाउने<br>• व्यक्तिगत रूपमा लिखित अभिव्यक्तिका प्रकारहरूको परिचयात्मक टिपोट गर्न लगाउने |
| २ | • व्यक्तिगत कार्यका रूपमा व्यवहारिक लेखनका प्रकार तोकी कक्षामा नमुना प्रस्तुत गर्न लगाउने |
| ३ | • व्यक्तिगत वा समूह कार्यका रूपमा प्रशासनिक लेखनका प्रकार तोकी कक्षामा नमुना प्रस्तुत गर्न लगाउने |
| ४ | • व्यक्तिगत वा समूह कार्यका रूपमा बैङ्क तथा वित्तीय लेखनका प्रकार तोकी कक्षामा नमुना प्रस्तुत गर्न लगाउने |
| ५ | • व्यक्तिगत वा समूह कार्यका रूपमा कानुनी लेखनका प्रकार तोकी कक्षामा नमुना प्रस्तुत गर्न लगाउने |

## ५. आन्तरिक मूल्याङ्कन ४०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

क) **कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता** : ५+५ = १० अङ्क

ख) **मूल्याङ्कन (असाइनमेन्ट) १ :** प्रतिबिम्बात्मक टिप्पणीहरू र कक्षा प्रस्तुतीकरण : ५+५=१० अङ्क

(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण)

ग) **मूल्याङ्कन (असाइनमेन्ट) २ :** अध्ययनपत्र, परियोजना कार्य र अन्तर्वार्ता : ५+५ = १० अङ्क

(विद्यार्थीहरूले छानेका तथा शिक्षक एव अन्तर्वार्ताद्वारा अनुमोदित गरिएका विषयहरूमा अध्ययनपत्र वा परियोजना कार्य गर्न लगाइनेछ । उक्त कार्यका लागि सत्रका अन्तमा विद्यार्थीहरूले प्रयोगात्मक कार्य तोकिएको ढाँचामा तयार गरी सम्बन्धित विषय शिक्षकलाई बुझाउनुपर्नेछ। दिइएको ढाँचाभित्र रही पाठ्यांशमा निर्धारित २ देखि ५ एकाइका कुनै एक एक लिखितको परिचय र तिनको नमुना १०–१५ पृष्ठको टङ्कन गरी वा हस्तलिखित अध्ययनपत्र कक्षाशिक्षकको निर्देशनमा रही तयार गर्नुपर्नेछ ।

**घ) मध्यान्तर परीक्षा** १० अङ्क

## ६. बाह्य मूल्याङ्कन ६०%

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| **प्रश्नका प्रकारहरू** | **सोधिने जम्मा प्रश्नहरू** | **जवाफ दिनुपर्ने प्रश्नहरूको सङ्ख्या र अङ्कभार** | **कुल पूर्णाङ्क** |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक** | १० ओटा प्रश्न | **१०×१** | १० |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक** | दुइटा अथवासहित ६ ओटा प्रश्न | **६×५** | ३० |
| **समूह 'ग' लामो उत्तरात्मक** | एउटा अथवासहित २ ओटा प्रश्न | **२×१०** | २० |

## ७. पाठ्यपुस्तक तथा सन्दर्भसूची


अधिकारी, चन्द्रकान्त (२०४७), *लेखन तथा विवेचन,* हिम सोल्मा साहित्य सङ्घ (एकाइ एकका लागि) ।

खड्का, पवित्रबहादुर (२०७१), *कानुनी लिखतको सैद्धान्तिक र व्यावहारिक जानकारी,* विद्यार्थी पुस्तक भण्डार (एकाइ पाँचका लागि) ।

खनाल, श्रीराम (२०७१), *विज्ञापन, जनसम्पर्क र मिडियाका मुद्दाहरू,* विद्यार्थी पुस्तक भण्डार (एकाइ दुईका लागि)।

खराल, सुरेन्द्रकुमार र ढकाल, कृष्णराज (२०७५), *व्यवहारिक लेखन तथा सम्पादन,* इन्टेलेक्च्युएल्ज बुक प्यालेस (सबै एकाइका लागि)।

गौतम, देवीप्रसाद र आचार्य, व्रतराज (२०६१), *विशेष नेपाली,* विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, गोविन्द (२०६७), *प्रयोजनपरक नेपाली,* साझा प्रकाशन (एकाइ एकका लागि) ।

भण्डारी, पारसमणि (२०७५), *व्यावहारिक लेखन तथा सम्पादन,* विद्यार्थी पुस्तक भण्डार (एकाइ एकदेखि एकाइ चारका लागि)।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर (२०७३), *कानुनी लिखतका मस्यौदा एवम् व्यावसायिक आचार नीति र कानुनी सिप,* पैरवी प्रकाशन (एकाइ पाँचका लागि) ।

श्रेष्ठ, शङ्करकुमार (२०६९), *नेपाली कानुनी शब्दकोश,* पैरवी प्रकाशन (एकाइ पाँचका लागि) ।

सुवेदी, लालानाथ (२०६९), *नेपाली बोध र रचनाशिल्प,* विद्यार्थी पुस्तक भण्डार ।

**सुदूरपश्चिम विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**सत्रप्रणालीमा आधारित नेपाली शिक्षा स्नातक कार्यक्रम**

**पाठ्यांश शीर्षक** : पाश्चात्य साहित्य सिद्धान्त र नेपाली समालोचना

**विषय सङ्केत नं. :** Nep.Ed. 369 **विषयको प्रकृति** : सैद्धान्तिक

**तह** : स्नातक **जम्मा पाठ्यघण्टा** : ३

**सत्र** : छैटौं **शिक्षण घन्टी** : ४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्रप्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यस पाठ्यांशमा पाश्चात्य साहित्यशास्त्रका सिद्धान्तहरू तथा नेपाली समालोचना र समालोचकको परिचयात्मक जानकारी दिने दृष्टिकोण राखिएको छ । यसअन्तर्गत पाश्चात्य साहित्य समालोचनाका प्रमुख प्रणाली र वादहरूको सामान्य अवधारणा तथा समालोचनाको सैद्धान्तिक परिचय र नेपाली समालोचनाको विकासक्रम, प्रमुख नेपाली समालोचक र तिनका समालोचकीय प्रवृत्तिहरूको जानकारी दिने लक्ष्य राखिएको छ । यसबाट नेपाली भाषा शिक्षणमा पाश्चात्य साहित्यशास्त्रको उपयोग गर्न र त्यसको सन्दर्भ पहिल्याउनका साथै नैपाली समालोचनाका सिद्धान्तहरू र नेपाली समालोचकका बारेमा जानकारी प्राप्त गर्न विद्यार्थीहरूलाई मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्न लिखित साधारण उद्देश्य हासिल गर्न सक्षम हुनेछन् :

क) पाश्चात्य साहित्यशास्त्रका नीतिपरक, समाजपरक, मनोविज्ञानपरक, शैलीवैज्ञानिक र आदिमतापरक समालोचना प्रणालीहरूको परिचय दिई तिनका मान्यताहरू बताउन सक्षम बनाउने,

ख) पाश्चात्य साहित्यशास्त्रमा प्रचलित परिष्कारवाद, स्वच्छन्दतावाद, यथार्थवाद, प्रकृतवाद, प्रगतिवाद, विसङ्गतिवाद र अस्तित्ववादको परिचय दिई तिनका विशेषताहरू औँल्याउन र नेपाली साहित्यमा प्रयोग देखाउन सक्षम बनाउने,

ग. समालोचनाको सैद्धान्तिक परिचय दिई समालोचनाका प्रकारबारे जानकारी दिने,

घ. नेपाली समालोचनाको विकासक्रमका प्रमुख चरणहरू निर्धारण गरी तिनका विशेषताहरू छुट्याउन सक्षम बनाउने,

ङ. नेपाली समालोचनाका क्षेत्रमा देखा परेका अन्य समसामयिक प्रवृत्तिहरूबारे बताउन सक्षम बनाउने,

च. प्रमुख नेपाली समालोचक तथा तिनका प्रमुख कृतिहरूमा पाइने विशेषताहरूको पहिचान गर्न सक्ने क्षमताको विकास गर्ने ।

### ३. विशिष्ट उद्देश्य र पाठ्य विषयवस्तुको विवरण

| विशिष्ट उद्देश्य | पाठ्यवस्तुको विवरण |
| --- | --- |
| क) नीतिपरक समालोचना प्रणालीको परिचय दिई यसका मान्यताहरू औंल्याउन,<br>ख) प्रमुख मान्यतासहित समाजपरक समालोचना प्रणालीको चिनारी गराउन,<br>ग) मनोविज्ञानपरक समालोचना प्रणालीलाई प्रमुख मान्यतासहित चिनाउन,<br>घ) शैलीवैज्ञानिक समालोचना प्रणालीको परिचय, मान्यता र साहित्यिक विधाको संरचना देखाउन,<br>ङ) आदिमतापरक समालोचना प्रणाली र यसका मान्यताको विश्लेषण गर्न । | **एकाइ एक : पाश्चात्य समालोचना प्रणाली १० घन्टी**<br>१.१ नीतिपरक समालोचना प्रणाली र यसका मान्यता<br>१.२ समाजपरक समालोचना प्रणाली र यसका मान्यता<br>१.३ मनोविज्ञानपरक समालोचना प्रणाली र यसका मान्यता<br>१.४ शैलीवैज्ञानिक समालोचना प्रणाली, साहित्यिक विधा संरचना र मान्यता<br>१.५ आदिमतापरक समालोचना प्रणाली र यसका मान्यता |
| क) परिष्कारवादको परिचय र विशेषताहरू उल्लेख गरी नेपालीमा साहित्यमा प्रयोग देखाउन,<br>ख) स्वच्छन्दतावादको परिचय र विशेषताहरू उल्लेख गरी नेपालीमा साहित्यमा,<br>ग) यथार्थवादको परिचय र विशेषताहरू उल्लेख गरी नेपालीमा साहित्यमा स्थान निर्धारण गर्न,<br>घ) प्रकृतवादको चिनारी र विशेषताहरू उल्लेख गरी नेपालीमा साहित्यमा प्रयोग उल्लेख गर्न,<br>ङ) प्रगतिवादको परिचय र विशेषताहरू उल्लेख गरी नेपालीमा साहित्यमा प्रयोग देखाउन,<br>च) विसङ्गतिवादको परिचय र विशेषताहरू उल्लेख गरी नेपालीमा साहित्यमा प्रयोग देखाउन,<br>२.८ अस्तित्वादको परिचय, विशेषताहरू उल्लेख गरी नेपाली साहित्यमा यसको प्रयोग देखाउन । | **एकाइ दुई : पाश्चात्य साहित्यशास्त्रका प्रमुख वादहरू ( १२ घन्टी)**<br>२.१ परिष्कारवादको परिचय, यसका विशेषता र नेपाली साहित्यमा परिष्कारवादको प्रयोग<br>२.२ स्वच्छन्दतावाद, यसका विशेषता र नेपाली साहित्यमा स्वच्छन्दतावादको प्रयोग<br>२.३ यथार्थवादको परिचय, यसका विशेषता र नेपाली साहित्यमा यथार्थवादको प्रयोग<br>२.४ प्रकृतवादको परिचय, यसका विशेषता नेपाली साहित्यमा प्रकृतवादको प्रयोग<br>२.५ प्रगतिवादको परिचय, यसका विशेषता र नेपाली साहित्यमा प्रगतिवादको प्रयोग<br>२.६ विसङ्गतिवादको परिचय, यसका विशेषता र नेपाली साहित्यमा विसङ्गतिवादको प्रयोग<br>२.७ अस्तित्ववादको परिचय, यसका विशेषता र नेपाली साहित्यमा अस्तित्ववादको प्रयोग |
| क) पूर्वपठित निर्दिष्ट कृतिहरूमा प्रयुक्त पाश्चात्य समालोचनाको सङ्क्षिप्त मान्यता प्रस्तुत गर्नु,<br>क) पूर्वपठित निर्दिष्ट कृतिहरूमा प्रयुक्त पाश्चात्य वादहरूको सङ्क्षिप्त मान्यता प्रस्तुत गर्नु, । | **एकाइ तीन : पूर्वपठित विभिन्न साहित्यिक कृतिमा समालोचना र वाद (घन्टी ५)**<br>३.१ मोहन कोइराला : 'म सम्फन्छु' (कविता)<br>३.२ भागिरथी श्रेष्ठ : 'भूइचालो' (कथा)<br>३.३ लैनसिंह बाङ्देल : 'मुलुक बाहिर' (उपन्यास)<br>३.४ हृदयचन्द्र सिंह प्रधान : 'मरुभूमिका लेखक' (एकाङ्की) |

| | |
|---|---|
| क) समालोचनाको सैद्धान्तिक परिचय दिन,<br>ख) समालोचनाको वर्गीकरण गर्न,<br>ग) नेपाली समालोचनाको प्रारम्भिक प्रयासहरूको वर्णन गर्न,<br>घ) नेपाली समालोचनाको विकासक्रमका प्रमुख चरणहरू र तिनका विशेषताहरू बताउन,<br>ङ) नेपाली समालोचनाका क्षेत्रमा देखा परेका समकालीन प्रवृत्तिहरूको वर्णन गर्न | **एकाइ चार : समालोचनाको सैद्धान्तिक परिचय र नेपाली समालोचनाको विकासक्रम (८ घन्टी)**<br>४.१ समालोचनाको सैद्धान्तिक परिचय<br>४.२ समालोचनाको वर्गीकरण<br>४.३ नेपाली समालोचनाको प्रारम्भिक प्रयास<br>४.४ नेपाली समालोचनाको विकासक्रम तथा यसका प्रमुख चरण र विशेषताहरू<br>क) पहिलो चरण : वि.स. १९४८ देखि १९९८ सम्म<br>ख) दोस्रो चरण : वि.स. १९९९ देखि २००७ सम्म<br>ग) तेस्रो चरण : वि.स. २००८ देखि २०१९ सम्म<br>घ) चौँथो चरण : वि.स. २०२० देखि हालसम्म |
| क) प्रमुख नेपाली समालोचक र तिनका मुख्य समालोचकीय प्रवृत्तिहरूको वर्णन गर्न । | **एकाइ पाँच : प्रमुख नेपाली समालोचक र तिनका समालोचकीय प्रवृत्तिहरू (१० घन्टी)**<br>५.१ सूर्यविक्रम ज्ञवाली<br>५.२ रामकृष्ण शर्मा<br>५.३ बाबुराम आचार्य<br>५.४ यदुनाथ खनाल<br>५.५ ईश्वर बराल<br>५.६ तारानाथ शर्मा<br>५.७ इन्द्रबहादुर राई<br>५.८ कृष्णचन्द्र सिंह प्रधान<br>५.९ वासुदेव त्रिपाठी |

## ४. शिक्षण प्रक्रिया

प्रत्येक एकाइको शिक्षणमा आवश्यकता अनुसार साधारण र विशिष्ट शिक्षण प्रविधिको उपयोग गरिने छ । यस पाठ्यांशको शिक्षण गर्न शिक्षकले प्रयोग गर्ने तौरतरिकालाई साधारण शिक्षण प्रक्रिया, अनि विद्यार्थी कार्यकलापमा आधारित शिक्षण प्रक्रियालाई विशिष्ट शिक्षण प्रक्रिया अन्तर्गत राखिएको छ ।

### ४.१ साधारण शिक्षण प्रक्रिया

हरेक एकाइको प्रकृति अनुरूप व्याख्या, छलफल, प्रश्नोत्तर, कक्षा प्रस्तुति आदिको उपयोग गरिनेछ । शिक्षणका क्रममा पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, सहायक पुस्तक, विषयवस्तु टिपोटपत्र, स्लाइड, चित्र, तालिका र आरेखहरूको उपयोग गरिनेछ ।

### ४.२ विशिष्ट शिक्षण प्रक्रिया

| एकाइ | कार्यकलाप |
|---|---|
| १ | • समूह विभाजन गरी निर्दिष्ट समालोचना प्रणालीको परिचय, विकासक्रम र मान्यताहरू टिपोट गरी कक्षामा प्रस्तुति गर्न लगाउने |
| २ | • समूह कार्यका रूपमा पाश्चात्य साहित्यका निर्दिष्ट वाद तोकी तिनको परिचय, विकासक्रम र मान्यताहरू टिपोट गरी कक्षामा प्रस्तुति गर्न लगाउने |
| ३ | • कक्षालाई चार समूहमा विभाजन गरेर पूर्व पठित रचनाका बारेमा छलफल गरी त्यसमा प्रयोग भएका |

| | | |
|---|---|---|
| | | पाश्चात्य साहित्यका प्रणाली र वाद पहिचान गरी कक्षामा प्रस्तुत गर्न लगाउने |
| ४ | • | समूह कार्यका रूपमा नेपाली समालोचनाको विकासक्रम टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने |
| ५ | • | व्यक्तिगत वा समूह कार्यका रूपमा निर्दिष्ट नेपाली समालोचकका समालोचकीय प्रवृत्तिहरूको समीक्षात्मक टिपोट कक्षामा प्रस्तुत गर्न लगाउने |

## ५. आन्तरिक मूल्याङ्कन ४०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

क) **कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता :** ५+५ = १० अङ्क

ख) **मूल्याङ्कन (असाइनमेन्ट)** १ : प्रतिबिम्बात्मक टिप्पणीहरू र कक्षा प्रस्तुतीकरण : ५+५=१० अङ्क
(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण)

**ग) मूल्याङ्कन (असाइनमेन्ट)** २ : अध्ययनपत्र, परियोजना र अन्तर्वार्ता : ५+५ = १० अङ्क
(विद्यार्थीहरूलाई एकाइ तीनमा तोकिएका पूर्वपठित कृति वा त्यस्तै अन्य कृति छनोट गर्न लगाई अध्ययनपत्र निर्माण गरी प्रस्तुत लगाइनेछ ।

**घ) मध्यान्तर परीक्षा** १० अङ्क

## ६. बाह्य मूल्याङ्कन ६०%

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| **प्रश्नका प्रकारहरू** | **सोधिने जम्मा प्रश्नहरू** | **जवाफ दिनुपर्ने प्रश्नहरूको सङ्ख्या र अङ्कभार** | **कुल पूर्णाङ्क** |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक** | १० ओटा प्रश्न | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक** | दुइटा अथवासहित ६ ओटा प्रश्न | **६×५** | **३०** |
| **समूह 'ग' लामो उत्तरात्मक** | एउटा अथवासहित २ ओटा प्रश्न | **२×१०** | **२०** |

## ७. सन्दर्भसामग्री


अधिकारी, इन्द्रविलास (२०६१), *पश्चिमी साहित्य सिद्धान्त,* साझा प्रकाशन (एकाइ एक र दुईका लागि) ।

खतिवडा, लयप्रसाद (२०७६), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तको परिचय,* इन्टेलेक्च्युअल ।

गौतम, कृष्ण (२०५०), *आधुनिक आलोचना अनेक रूप अनेक पठन,* साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५१), *पाश्चात्य साहित्यका प्रमुख वाद,* साझा प्रकाशन (एकाइ दुईका लागि) ।

तिवारी, सियाराम (सन् १९९१), *साहित्यशास्त्र और काव्यभाषा,* भूमिका प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५०), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* साझा प्रकाशन (एकाइ एकका लागि)।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६७), *साहित्यशास्त्र र नेपाली समालोचना,* विद्यार्थी पुस्तक भण्डार ( एकाइ एक, दुई र पाँचका लागि) ।

मिश्र, भगीरथ (सन् १९९७), *काव्यशास्त्र,* विश्वविद्यालय प्रकाशन ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्यसिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, ईश्वरकुमार (२०५१), *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाका प्रमुख मान्यता, वाद र प्रणाली,* साझा प्रकाशन (एकाइ एक र दुईका लागि)